# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ८    संख्याः ९,    मितिः २०८१ साल कार्तिक ०५ गते**

**भाग -२**

## अन्नपूर्ण गाउँपालिका
## जनप्रतिनिधीहरुको आचार संहिता, २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/३०**

**पृष्ठभूमिः**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र प्रचलित कानून प्रति प्रतिबद्ध रही कानूनी राज्य संघीय लोकतान्त्रिक लाभहरुको न्यायोचित वितरण व्यवस्थापन र दिगो विकासको अवधारणालाई मुर्तरुप दिन र जनप्रतिनिधिहरुको मर्यादा तथा व्यवहारलाई शिष्ट बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा अन्नपूर्ण गाउँपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका गाँउ कार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

**परिच्छेद-१**

**१. संक्षिप्त, नाम र प्रारम्भः**

क. यो आचार संहितालाई 'अन्नपूर्ण गाउँपालिका जनप्रतिनिधीहरुको आचार संहिता, २०८१' भनिने छ।

ख. यो आचार संहिता  स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**परिच्छेद-२**

**२. परिभाषाः**

क. "स्थानीय तह" भन्नाले अन्नपूर्ण गाउँपालिकालाई जनाउँछ।

ख. "जनप्रतिनिधि" भन्नाले अन्नपूर्ण गाउँपालिका अध्यक्ष लगायत सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरुलाई जनाउँदछ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

## परिच्छेद-३

**३. अन्नपूर्ण गाउँपालिका जनप्रतिनिधिहरुले देहाय बमोजिमको आचरणको पालना गर्नुपर्नेछ ।**

क. जनप्रतिनिधिहरु नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गाउँपालिकाले निर्माण गरेका विभिन्न कानूनहरु प्रति प्रतिवद्ध रहि प्रचलित कानूनले आफूलाई दिएको अधिकार प्रति सचेत रहि नागरिक (सेवाग्राही) को सेवामा सरिक हुनुपर्नेछ ।

ख. जनप्रतिधिहरुले कानूनले तोके बमोजिमको कुनै काम गर्दा कसैबाट आर्थिक प्रलोभनमा परी कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्ने वा आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिनु हुँदैन । तर कुनै ठाउँ विशेषको पहिचान झल्किने खालको उपहार लिन यस दफाले बाधा पुर्याएको मानिने छैन ।

ग. सार्वजनिक हितका लागि बाहेक कार्यपालिकाको स्वीकृति बिना कुनै कामका निम्ति कुनै किसिमको सहयोग माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

घ. आफ्नो वा आफ्नो एकाघरको परिवारको कुनै सदस्यको नाममा जुनसुकै श्रोतबाट अचल सम्पत्ति खरिद गरेमा सो लागत सोको मूल्य समेतको जानकारी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ङ. गाउँपालिकाले प्रकाशित गरेको सूचना अनुसार गरिने कुनै पनि कामको खरिद प्रक्रिया (ठेक्का, टेन्डर, बोलपत्र) मा आफ्नो वा एकाघर परिवारको कुनै सदस्यको नाममा सहभागी हुनु हुँदैन ।

च. सार्वजनिक स्थल तथा खुला ठाउँमा कुनै किसिमको पासा, जुवा, तास, चिट्ठा खेल्ने, बाजि लगाउने आदि जस्ता कार्य गर्नु गराउनु हुँदैन ।

छ. गाउँपालिकाको स्वीकृत बिना कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा संचालनको काममा भाग लिनु हुँदैन ।

ज. कुनै पनि वित्तिय संघ संस्था सहकारी तथा उपभोक्ता समितिमा पदाधिकारीको रुपमा बस्नु हुँदैन ।

झ. गाउँपालिकाको दैनिक काम कारवाहीमा प्रतिकूल प्रभाव पर्ने वा कसैको व्यक्तिगत मान मर्यादामा असर हुनेगरी कुनै पत्र-पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन वा रेडियो वा टेलिभिजन तथा सामाजिक संजाल मार्फत प्रशारण गर्नु हुँदैन ।

ञ. जनप्रतिनिधिको हैसियतले कानून बमोजिम आफुले गर्नुपर्ने काम तोकिएको समयमा गर्नुपर्ने छ ।

ट. कुनै पनि आस्थाको आधारमा सेवाग्राही (नागरिक) प्रति भेदभाव गरिने छैन ।

ठ. प्रचलित कानून विपरित हुने बहुविवाह वा अनमेल विवाह गर्न गराउनु हुँदैन ।

ड. कसैलाई यातना वा यौन जन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गरिने छैन ।

ढ. आफ्नो कार्यालयमा काम गर्दा सबैसँग शिष्ट र हँसिलो व्यवहार गरिनेछ ।

ण. आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गरिनेछ ।

त. कुनै पनि जनप्रतिनिधिले कुनै प्रकारले बालश्रम प्रयोग गर्न पाइने छैन ।

थ. जनप्रतिनिधिहरु कानून बमोजिम गाउँपालिका र जनताप्रति उत्तरदायी हुनुपर्दछ ।

द. कुनैपनि सार्वजनिक सरोकारको विषयमा निर्णय लिँदा निहित स्वार्थको द्वन्द (Conflict Of Interest) हुनु हुँदैन ।

ध. कार्यालय समय वा पदीय कामका सिलसिलामा मादक पदार्थको सेवन गर्नुहुँदैन ।

न. कार्यालय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सुर्ती, गुट्खा वा पान सेवन गर्नुहुँदैन ।

## परिच्छेद-४

**४. अनुगमन तथा नियमनः**

क. उपाध्यक्ष तथा कार्यपालिकाका सदस्यहरुले यो आचार संहिताको पूर्ण रुपमा परिपालना गरे नगरेको सम्बन्धमा गाउँपालिका अध्यक्षले अनुगमन गरी सम्बन्धित जनप्रतिनिधिलाई आचार संहिता पालन गर्न निर्देशन दिन सक्नेछन् ।

ख. वडा समितिका सदस्यहरुले यो आचार संहिताको परिपालन गरे नगरेको सम्बन्धमा सम्बन्धित वडा अध्यक्षले अनुगमन गरी आचार संहिता पालन गर्न निर्देशन दिन सक्नेछन् ।

ग. गाउँपालिका अध्यक्षले आचार संहिता पालन गरे नगरेको सम्बन्धमा कार्यपालिकाले अनुगमन गरी गाउँ सभामा प्रतिवेदन पेश गर्नेछ र आचार संहिता पालन गराउन गाउँ सभाले निर्देश गर्न सक्नेछ ।

## परिच्छेद-५

**५. विविधः** (१) **बाधा अड्काउ फुकाउनेः** जनप्रतिनिधिहरुको आचार संहिता सम्बन्धमा कुनै बाधा पर्न आएमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

(२) **संशोधनः** यो आचार संहिता कार्यान्वयनमा कुनै वाधा अड्चन परेमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

(३) **प्रचलित कानून वमोजिम हुनेः** यस आचार संहितामा उल्लेख भएका प्रकृयाको सम्वन्धमा यसै आचार संहिता बमोजिम र उल्लेख नभएका तथा बाझिएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) **यसै आचार संहिता अन्तर्गत भएको मानिनेः** यस आचार संहिता लागु हुनुभन्दा अगाडी भए गरेका काम कारवाही यसै आचार संहिता वमोजिम भएको मानिनेछ ।

**प्रमाणिकरण मितिः २०८१/०६/१३**
**राजपत्रमा प्रकाशन मितिः २०८१/०७/०५**

**आज्ञाले**
**विष्णु प्रसाद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**